नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय,

**वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र**

बबरमहल, काठमाडौं ।


# सवारी साधन भाडामा लिने सम्बन्धी सिलवन्दी बोलपत्र अह्वानको सूचना

**गोरखपत्रमा प्रथम पटक प्रकाशित मितिः २०७७/०८/१८**

आ.व.२०७७/७८ को स्वीकृत कार्यक्रम सञ्चालन गर्न यस केन्द्रले सवारी साधन भाडामा लिनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक संस्था, कम्पनीहरूलेले यस केन्द्रको सूचना पाटी वा यस केन्द्रको website www.frtc.gov.np मा राखिए बमोजिमको शर्त भित्र रही रीतपूर्वकको सिलवन्दी बोलपत्र पेश गर्न आह्वान गरिएको छ

**शर्तहरू:**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले सिलबन्दी बोलपत्र ३० औं दिनको कार्यालय समय भित्र खरिद गरी ३१ औं दिनको १२ बजे भित्र यस केन्द्रमा दर्ता गरीसक्नु पर्नेछ । चालु आ.व. को फर्म नविकरण भएको इजाजतपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित पेसा वा व्यवसाय सम्बन्धी काममा कुनै सजाय नपाएको भनी लिखित रूपमा घोषणा गरेको पत्रसहित दरभाउपत्र पेश गर्नुपर्नेछ ।

२. उल्लेखित सिलबन्दी बोलपत्र खरिद गर्ने म्याद समाप्त भएको भोलीपल्ट दिनको २ बजे सिलबन्दी बोलपत्र दाता वा निजहरूको प्रतिनिधिहरूको रोहवरमा यस केन्द्रमा खोलिने छ । यदि सिलबन्दी बोलपत्र दाता वा निजको प्रतिनिधिहरू अनुपस्थित भएमा पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन । सिलबन्दी बोलपत्र खरिद गर्ने, बुझाउने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरू क्रमशः सोको भोलिपल्ट हुनेछ ।

३. यस केन्द्रलाई आवश्यक पर्ने सवारी साधनको Technical Specification यस केन्द्रको सूचना पाटीमा टाँसि बोलपत्रसाथ समेत संलग्न गरिएको छ । संलग्न Technical Specification बमोजिम सेवा प्रदायक संस्था, कम्पनीले बोलपत्र फाराम भरी पेश गर्नु पर्नेछ ।

४. सिलवन्दी बोलपत्र राम्रोसँग सिल लगाएको र बोलपत्रको प्रत्येक पन्ना अध्ययन गरी भर्नुपर्ने व्यहोरा सम्पूर्ण भरी दस्तखत र छाप लगाएको हुनुपर्नेछ । सिलवन्दी फाराम यस कार्यालयबाट रू.३०००।- (तीन हजार) तिरी आर्थिक प्रशासन शाखाबाट खरिद गर्न सकिने छ ।वोलपत्रको प्रत्येक पानामा दस्तखत प्रमाणित भए नभएको रूजु गरी खरिद गर्नु पर्ने छ ।

५. सिलवन्दी बोलपसत्र साथ आफूले कबोल गरेको रकम (भ्याट बाहेक) को ३ प्रतिशतले हुन आउने रकम बराबर कम्तीमा १२० दिनको म्याद भएको कोष तथा लेखा नियन्त्रक कार्यालय, बबरमहलको धरौटी खाता नं. १२०१२००००१००२५२४ (अफिस कोड ३२९०४३५०१) मा जम्मा गरेको नेपाल राष्ट्र बैंकको सक्कलै भौचर पेश गर्नु पर्ने छ वा वाणिज्य बैंकहरूको जमानतपत्र (बैंक ग्यारेण्टी) पेश गर्नु पर्ने छ ।

६. बोलपत्र फाराममा दररेट भर्दा अङ्क र अक्षर दुवैमा भर्नु पर्ने छ ।अङ्क र अक्षर फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।दररेट भर्दा प्रति दिन प्रति सवारी साधन (इन्धन वाहेक) कवोल अङ्क भर्नुपर्ने छ ।

७. ठेक्का सम्झौता स्वीकृत भएपछि ठेक्का सम्झौता गर्दा ठेक्का अङ्कको ५ प्रतिशतले हुन आउने रकम धरौटी खातामा जम्मा गरी वा वाणिज्य बैंकहरूको वैंक ग्यारेन्टी पेश गरी सम्झौता गर्न उपस्थित हुनपर्नेछ । सिलवन्दी बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस केन्सद्रमा निहित रहने छ ।

८. अन्य कुरा बुझ्नु परेमा यस केन्द्रमा सम्पर्क गर्न सकिने छ ।

९. माथि उल्लेख नभएका अन्य कुराहरूको हकमा नेपाल सरकारको प्रचलित ऐन, नियमानुसार हुनेछ ।

| सि.नं. | गाडीको प्रकार | गाडी संख्या | जम्मा आवश्यक पर्ने अनुमानित दिन |
|---|---|---|---|
| १. | 4WD JEEP Type Vechile | ५ | ४०८ |

२०